त्रियुगा नगरपालिकाको तेश्रो नगर सभामा नगर प्रमुख श्रीबलदेव चौधरीज्यु बाट पेश गरिएको आ.व. २०७५/०७६ कोनीति तथा कार्यक्रमको वक्तव्य

नगर सभाअधिवेशनका अध्यक्ष नगर उपप्रमुख श्री देवी कुमारी चौधरी ज्यु,

नगर सभा सदस्यज्यूहरू,

१. नेपालको संविधानले संस्थागत गरेको संघीय शासन प्रणाली अन्तर्गत गठन भएको यस नगर पालिकाको प्रमुखको हैसियतमा यस गरिमामय नगर सभा समक्ष पूर्ण आकारको दोश्रो बजेटको रुपमा आर्थिक वर्ष २०७५/७६ को बजेट प्रस्तुत् गर्न पाउदा म गौरवान्वित भएको छु।

२. यस बिशिष्ट अवसरमा राजनीतिक स्वतन्त्रता, लोकतन्त्रको स्थापना तथा आमूल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दै आएका क्रान्ति, सशस्त्र विद्रोह, जनयुद्ध र जनआन्दोलन लगायत सबै प्रकारका आन्दोलनका त्याग र बलिदानको गौरव पूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने अमर शहीदहरु प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। संघर्षको दौरानमा वेपत्ता तथा घाइते हुनु भएका वीर योद्धाहरु र वहाँहरुका पिडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनका मार्गमा डोर्‍याउन विविध क्षेत्रबाट योगदान पुर्‍याउनु हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

३. नेपालको संविधान युगान्तकारी परिवर्तनको दस्तावेज हो।संविधान जारी भए संगै मुलुक नयाँ युगमा प्रवेश गरेको छ ।संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ । अव समाजको समग्र परिवर्तनका लागि गरिने संघर्षको रुप बदलिएको छ । अबको संघर्ष सामाजिक शत्रुका रुपमा रहेका भोक,रोग र शोक एवं गरीबी, पछौटेपन र अशिक्षाका विरुद्ध केन्द्रित छ। सामाजिक न्याय सहितको समावेशी आर्थिक विकासका माध्यमबाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अब समग्र मुलुकको मार्ग चित्र हो।यस दिशामा केन्द्रित हाम्रा प्रयत्नहरुवाट नै देशको समाजवाद उन्मुख समग्र परिवेश तयार हुनेछ ।

४. वार्षिक बजेट नगरले अवलम्बन गरेका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो। बजेट तर्जुमा गर्दा संविधानले नागरिकका लागि बाचा गरेका मौलिक हकहरुको पूर्ण उपभोगको सुनिश्चिततालाई समेटदै संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरु समावेश गर्न ध्यान दिनु आवश्यक हुन्छ ।

५. दशकौं सम्म राजनीतिक अधिकारका लागि लडेका नेपाली जनता सामु अब आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको चाहना सर्वाधिक चासोको विषय बनेको छ।जनताका मन मस्तिष्कका चाहनालाई संवोधन गरेर

नै नगर सरकारले जनतालाई विकास र समृद्धिको सुन्दर उपहार दिने र जनताको विश्वासपाउन सक्छ । बजेट तयार गर्दा उपरोक्त भावनालाई मैले गहिरो गरी आत्मसात गरेको छु ।

६. जनताको आकांक्षा धेरै कुरा एकै पटक सम्वोधन भइदियोस भन्ने हुन्छ । तर, समय,श्रोत र क्षमताको सिमाले गर्दा एकै पटक सवै कुरा सम्वोधन गर्न संभव हुदैन। त्यसमाथि स्थानीय सरकार भर्खरै गठन भएको र साधन र श्रोत प्रयाप्त र सुनिश्चित नभइसकेको अवस्थामा छ । यस्तो अवस्थामा अधिकतम जनतालाई लाभ वा फाइदा दिने कार्यक्रम वा आयोजनालाई छनोट गर्ने वाध्यात्मक अवस्था नगरमा रहेको छ।यही वाध्यात्मक परिस्थितिका बीचमा रहेर यथासम्भव समावेशी र सन्तुलित बजेट तर्जुमा गर्ने प्रयास गरेको छु ।

अध्यक्ष महोदय,

७. बजेट निर्माण प्रकृयामा नेतृत्व,सहकार्य र स्वामित्वको सन्तुलन मिलाउन पर्ने हुन्छ।यस बजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरुको सहयोग र स्वामित्वलाई ख्याल गर्दै जनताका विकासका आकांक्षा र आवश्यकताहरुको बारेमा प्रयाप्त अध्ययन र सुझाव लिईएको छ । एक वर्षको अभ्यासवाट नागरिकका समस्याहरुका वारेमा प्रयाप्त जानकारी प्राप्त भएको छ । सबै सदस्यहरुले अमुल्य सुझाव दिई नगर सरकारलाई सहयोग गर्नु भएको छ । सभासदस्यहरुवाट प्रकट भएका जनताका मनोभावनालाई बजेट निर्माण गर्दा पर्याप्त ध्यान दिइएको छ ।यो अभ्यासवाट विकासमा समान सोंचको विकास भएको मैले अनुभूति गरेको छु । बजेट कार्यान्वयनमा पनि सभासदस्यहरुको स्वामित्व प्रवल रुपमा प्रकट हुने विश्वास लिएको छु।

८. देशभर नगर सरकारले आफ्नो कार्यकालमा नगरवासीको जीवनमा उल्लेख्य सुधार भएको देख्न चाहन्छ।यसका लागि योजना तर्जुमा पक्षमा दूरदृष्टीका साथ लक्ष्य किटान गर्दै र कार्यान्वयनका पक्षमा कसले के गर्ने, कहिले गर्ने समेतको खाका सहित समयवद्ध तालिका बनाएर सरकार अघि बढने छ। सबै काम एकै वर्ष गर्न सम्भव नहुने र धेरै योजनामा एकै पटक हात हाल्दा स्रोत साधनको सिमितता र कार्यान्वयन क्षमताका कारण योजनाहरु नै असफल हुन सक्ने जोखिम रहने भएकोले क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुने गरी दीर्घकालिन रुपमा प्रतिफल दिन सक्ने प्रकृतिका आयोजनाहरु कार्यान्वयन गर्दै जाने रणनीति अवलम्बन गरिएको छ ।त्रियुगा नगरले"स्वच्छ, सुन्दर र समृद्ध त्रियुगा नगरी, समतामुलक शान्त समाज हाम्रो जिम्मेवारी" को दूरदर्शी सोंच अनुरुप नगरलाई आर्थिक हिसाबले समृद्ध र जनतालाई हरतरहले खुशी बनाउने लक्ष्य लिइएको छ ।

९. कृषि, उद्योग, पर्यटन, व्यापार र वित्त सेवा नै प्रदेशको आर्थिक विकासको संबाहक बन्न सक्ने नगरको ठम्याई छ । यी सबै संवाहकहरूलाई उत्पादनशील बनाउन सिपालु,पौरखी र उद्यमी मानवशक्ति तथा

सहयोगी भौतिक पूर्वाधार आवश्यक पर्ने भएकोले बजेट निर्माण गर्दा उचित सन्तुलन मिलाइएको छ। बजेट विनियोजनमा अधिकतम् विवेक पुऱ्याउने कोशिस गरिएको छ।

अध्यक्ष महोदय,

१०. आर्थिक विकासका लागि प्रचुर संभावना भएको नगरको रूपमा यो नगर पर्दछ। घना तथा वन सम्पदा खनिज,उर्वरा भूमि र उर्जाशील नागरिकहरु नै यहाँका मुख्य श्रोत हुन । मानवीय अगुवाईमा हुने ईमान्दार प्रयत्नले असंभवलाई पनि संभव बनाउन सकिन्छ । नगरमा चुनौती अवश्य छन । तर सम्भावना पहिल्याउदै र पछ्याउदै जादा चुनौती ओझेलमा पर्दै जान्छन। संभावना र चुनौती दिन र रात जस्तै हुन। सम्भावनाको ढोका खोली उपलब्धि हासिल गर्न थाल्दा चुनौतीहरुको अध्यारो स्वतः हटेर जान्छ। तथापि नगरले देखेका चुनौतीहरुलाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

चुनौतीहरु

११. संघीयता कार्यान्वयनको यस शैशव अवस्थामा नगर सरकारसँग शासकीय प्रबन्धका सवै आयाम चुस्त दुरुस्त भइसकेका छैनन् । नीति तथा कानून निर्माण,योजना तर्जुमा तथा कार्यविधि निर्धारणका काम आधाआधीको अवस्थामा छन्। त्यसैले आम रुपमा अपेक्षा गरिए बमोजिम शीघ्र सेवा, तीव्र विकासको अनुभुति गराउने कार्य सहज रुपमा हुन सकिरहेको छैन ।

१२. केन्द्रिकृत शासन पद्धतिमा अभ्यस्त संगठन संरचना र जनशक्ति लाई संघीय शासनको ढांचामा रुपान्तरण गरी जनताको मन जित्ने गरी क्रियाशील बनाउन पनि केही समय पर्खनै पर्ने अवस्था छ।

१३. सदियौं देखि गढेर रहेको ब्यक्तिबादी सोंचबाट उम्केर समाजवाद उन्मुख बाटोमा अघि बढदै राष्ट्रिय उत्थान भित्रनै नागरिक उत्थान संभव छ भन्ने सत्यभाव पैदा गराई सबैका पाइलालाई एकै चालमा चलाउने काम पनि चुनौतीपूर्ण छ ।

१४. वैदेशिक रोजगारी र बसाई सराईको कारणबाट जनसंख्या घट्दै गएका पहाडी क्षेत्रको श्रोतको उपयोग गर्न तथा बाक्लिदै गएको त्रियुगा उपत्यकाका जनताका लागि खानेपानी ,सडक, विद्युत, स्वास्थ्य, पार्क, रंगशाला आदि जस्ता अति आवश्यक भौतिक पूर्वाधारहरुको विकास गर्न सघन प्रयत्न गर्नुपर्ने चुनौती छ ।

१५. विकासको सवालमा अझै पनि क्षेत्रगत,लैंगिक,जातजातीगत,उमेर र क्षमताका आधारमा विभेद, असमानता र वन्चितिकरण कायमै छ ।यो स्थितिमा विकासका लाभहरु न्यायोचित रुपमा वितरण गर्न समन्यायिक नीतिहरु अबलम्बन गर्नु पर्ने हुन्छ । त्यसका लागि धैर्यताको खाँचो छ।

१६. हामीहरुले अवलम्वन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित छ। त्यसैले एकले अर्कोलाई साथ दिने र लिने एवं परस्पर सहयोगबाट सबैका समस्या समाधान गर्ने कार्यमा सबैको तत्परता र विवेकको खाँचो छ।

१७. संविधान प्रदत्त स्थानीय सरकारका कार्यहरु र नगरलाई प्राप्त सिमित आर्थिक स्रोतहरु बीच उर्लंदा जनअपेक्षाहरु पुरा गर्ने कार्य चुनौतीपूर्ण छ । यस सम्बन्धमा नगर सरकारलाई संविधानले प्रदान गरेका कार्य तथा जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत र साधनका लागि संघीय तथा प्रदेश सरकारसँगको अपेक्षा कायमै रहने अवस्था छ।यसका लागि सम्वाद र सहमति अपरिहार्य रहेको छ।

१८. अझैसम्म स्थानीय सरकार मातहत रहने संरचना तथा जनशक्तीहरु नेपाल सरकारबाट प्रदान हुन नसक्नु बिडम्बनाको विषय भएको छ। कर्मचारी समायोजनको काममा नेपाल सरकारलाई सघाउनु पर्ने स्थानीय सरकारको संवैधानिक कर्तव्य भएकोले अहिलेसम्म स्थानीय सरकार सहनशील भएर समायोजनको प्रतिक्षा गरिरहेको छ। उक्त समायोजनको काममा अझै विलम्व भएमा त्यसले बजेट कार्यान्वयनमा ठूलै चुनौतिको सामना गर्नुपर्ने अवस्था निम्त्याउने छ ।

१९. जति ठूलो जनमतको जगमा सरकार उभिन्छ त्यत्तिनै मात्रामा जनअपेक्षा प्रकट हुने गर्दछ।हामीलाई प्राप्त अपार जनमतले हामी उपर रहेका गहन जिम्मेबारीलाई बोध गराइरहेको छ । त्यसैले हामी सवैको संयमता र धैर्यताका साथ सम्यक विचारबाट निर्देशित भई चुनौतीलाई अवसरमा बदल्ने सामर्थ्य विकास गर्नै पर्दछ।

२०. विधिको शासनलाई लोकतन्त्रको प्राण मानिन्छ। हाम्रो संविधानले स्थानीय सरकारलाई तोकिदिएको क्षेत्राधिकार र श्रोतसाधनको दायराभित्र रही विधीको शासन स्थापित गर्न थुप्रै जटिलता रहेका छन।जस्तो सुकै जटिलता रहेपनि तिनको दढ्तापूर्वक सामना गर्दै अगाडि बढ्नु बाहेक अर्को विकल्प हामीसँग छैन् । त्यसैले नगरलाई समृद्ध वनाउन र नगरवासीलाई खुशी गराउन हामी बीच साथ, सहयोग र विश्वास आवश्यक छ।

सभाध्यक्ष महोदय,

२१. अवसरहरुको उच्चतम उपयोग गरी समृद्ध प्रदेश, खुसी जनताको सपनालाई साकार पार्न आर्थिक वर्ष २०७५/७६ को बजेट तयार गरेको छु । अव म आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२२. मैले आर्थिक वर्ष २०७४/७५ को बजेट यस सभामा पेश गर्दा उल्लेख गरेका उद्देश्यहरु अहिले पनि पुरा गर्न बाँकी रहेका छन् । खास गरी संघीय सरकारवाट हस्तान्तरण हुनुपर्ने आयोजना, कार्यक्रम, संरचना र जनशक्ति हस्तान्तरण भै नसकेकोले ती उद्देश्यहरु कार्यान्वयनको पर्खाईमा रहे । त्यसैले ती उद्देश्यहरु यस बजेटको अंगको रुपमा रहेको ब्यहोरा स्पष्ट गर्न चाहन्छु ।

२३. अव म आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु उल्लेख गर्न चाहन्छु । यस बजेटका उद्देश्यहरु यस प्रकार छन् ।

(क) कृषिक्षेत्रमा व्यावसायिकरण र आधुनिकीरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) आर्थिक वृद्धिलाई उच्च दरमा उकाल्दै जनताको जीवनस्तरमा देख्न सकिने र नाप्न सकिने सुधार ल्याउन मानवीय पूँजी विकास र उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउने ।

(ग) पर्यटन मैत्री पूर्वाधार विकास गरी पर्यटन उद्योगलाई विस्तार गर्ने एवं लगानी,रोजगारी तथा आय आर्जनको आकर्षक क्षेत्रको रुपमा पर्यटनलाई प्रवर्द्धन गर्ने ।

(घ) आधारभुत पुर्वाधारको निर्माण र विकास गरी नगर सरकार र आधारभुत सेवामा नागरिकको पहुच अभिवृद्धी गर्ने ।

(ङ) उद्यमशीलताको विकास सहित औद्योगिकरण गर्ने ।

(च) स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने ।

(छ) गुणस्तरीय र भरपर्दो खानेपानी सुविधाको विस्तार गर्ने ।

(ज) वातावरण सन्तुलन तथा विपद व्यवस्थापनलाई अन्तरआवद्धताको विषयको रुपमा विकास गर्ने ।

(झ) समावेशी र सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने ।

(ञ) नगर भर चुस्त दुरुस्त शासनको अनुभूति गराउने ।

सभाध्यक्ष महोदय,

२४. अब म आर्थिक वर्ष २०७५/७६ को बजेट विनियोजनका प्राथमिकताहरु उल्लेख गर्ने अनुमति चाहन्छु। विकासको अवस्था,संभावना र जनताको विकास आकांक्षालाई मध्यनजर गर्दै "स्वच्छ, सुन्दर र समृद्ध त्रियुगा नगरी, समतामुलक शान्त समाज हाम्रो जिम्मेवारी" को लक्ष्य सफल पार्न मानवीय क्षमता,स्थान विशेषमा विकास सहयोगी अथवा उत्पादन सहयोगी भौतिक पूर्वाधारको उपलब्धता एवं उक्त मानवीय तथा भौतिक तम्तयारीवाट समग्र आर्थिक क्षेत्रको क्रियाशिलतालाई परिदृष्यमा राखी देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छु ।

क. भौतिक पूर्वाधार-समृद्धिको आधारः सडक संजालको विस्तार टोल वस्तीसम्म गर्ने, विद्युतको सुविधा घरघरमा पु-याउने र खेतीयोग्य जमिनमा सिंचाईको उपलब्धता गराउने फराकिलो सोंचका साथ नगरले भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेको छ । शहरी संरचना निर्माण, एकिकृत वस्ती विकास र संचारका संरचना लगायत जमीनमा आधारित सवै प्रकारका भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिइएको छ ।

ख. आर्थिक वृद्धिका लागि कृषि,उद्यम र पर्यटनमा जोडः नगरमा विद्यमान आर्थिक वृद्धिका सवै क्षेत्रहरुलाई चलायमान, उत्पादनशील र उपलब्धिमूलक बनाउन नगरले कृषि,उद्यम र पर्यटनलाई लगानीको दृष्टिले उच्च प्राथमिकतामा राखेको छ । सरकारी, सहकारी र निजीक्षेत्रको सहभागिता एवं स्थानीय समुदायको सहयोगवाट आर्थिक क्षेत्र गतिशील वन्ने नगरको विश्वास छ।

ग. दक्ष जनशक्तिको विकासका लागि सामाजिक क्षेत्रमा लगानीः नगरको सामाजिक बनोट र सांस्कृतिक मौलिकताको जगेर्ना गर्दै मानव श्रोतलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्न सामाजिक क्षेत्रमा लगानी गर्दै जाने गरी प्राथमिकता निर्धारण गरेको छ ।

घ. गरिवी निवारणका लागि लक्षित कार्यक्रमः समाजमा विपन्न,पछाडि परेका र गरिबीको जीवन बाँची रहेका समुदायलाई सशक्तीकरण गर्दै विकासको मूलधारमा ल्याएर अर्थोपार्जनमा सक्रिय बनाउन तथा महिला,वालवालिकालाई विकासको लाभमा सहज पहुँच सुनिश्चित गर्न गरिबी निवारणलाई प्राथमिकतामा राखिएको छ ।

ङ. शासकीय प्रबन्धको तयारी र कार्यान्वयनः नगरको कार्यसम्पादन लाई संविधान सम्मत रुपमा जनमुखी,पारदर्शी र उत्तरदायी बनाउन नीति,कानून निर्माण एवं योजना तथा कार्यविधिको तर्जुमा र

संगठन,जनशक्ति,प्रविधि एवं पूर्वाधारको व्यवस्था गर्न नगर सरकारले यो विषयलाई प्राथमिकतामा राखेको छ । नागरिक सुरक्षा लगायतका विषयहरु यसमा समेटिएका छन् ।

च. अध्ययन अनुसन्धान,सूचना तथा तथ्यांक र योजना तर्जुमाः नगरले सम्पादन गर्ने जिम्मेवारीका विषयहरुमा अध्ययन अनुसन्धान गर्न, सूचना तथा तथ्यांक तयार गर्न र नगरको विकास चित्र प्रस्टयाउने समष्टिगत र क्षेत्रगत योजना तयार पार्ने कामलाई प्राथमिकतामा राखिएको छ । अध्ययन, अनुसन्धानवाट प्राप्त नतिजा एवं नगरस्तरीय सूचना तथा तथ्यांकमा सहज पहुँचको व्यवस्थालाई यसले समेटको छ ।

छ.विपदको कुशल प्रवन्ध :- नगरको ठुलो चुनौतिको रुपमा रहेको नदी कटान र वाढी लगाएतका कारण हुने विपदवाट नागरिकको संरक्षण गर्न पुर्वाधार निर्माण, उद्धार र राहातलाई प्राथमिकतामा राखिएको छ ।

अध्यक्ष महोदय,

२५. अव म बजेटको विशेषता बारे प्रकाश पार्न चाहन्छु।संघीय शासन प्रणालीमा नागरिकले नजिकमा सरकार देख्न,भेट्न र सेवा लिन पाउने कुराको सुनिश्चित गरिएको हुन्छ।यसको अर्थ “सरकार जनताको बीचमा र जनता सरकारको साथमा” भन्ने अनुभूति हुनु पर्दछ । यही मर्मलाई आत्मसात गरेर नगर सरकार नगरका प्रिय जनतालाई शीघ्र सेवा, तीव्र विकास र सुरक्षित जीवनको प्रतिफल अनुभूत गराउने गरी यो बजेट तर्जुमा गरिएको छ । हजार माईलको यात्रा पनि एक एक पाइला वाटै अघि वढ्ने भएकोले यति खेर हामी पहिलो पाइलाबाट"स्वच्छ, सुन्दर र समृद्ध त्रियुगा नगरी, समतामुलक शान्त समाज हाम्रो जिम्मेवारी"बनाउने महान यात्रा आरम्भ गरेका छौ।यही पृष्टभूमिमा बजेट तर्जुमा गरिएको छ र बजेटका विशेषता यस प्रकार रहेका छन् ।

विशेषताहरू

२६. मानवीय श्रोत लाई मानव पूँजीमा बदल्ने सोंचः नगरमा रहेको मानव श्रोतलाई स्वास्थ्य र शिक्षाको माध्यमबाट अनुशासित,योग्य र मेहनती वनाउदै असल मानव पूजीमा रुपान्तरण गर्न स्वास्थ्य र शिक्षा क्षेत्रका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. नगरलाई लगानी मैत्री बनाउने र लगानी आकर्षित गर्ने योजनाः हाम्रो नगर नेपालका स्थानीय तहहरु मध्ये क्षेत्रफलको आधारमा दोश्रो ठुलो नगरपालिका रहेको छ ।नगरमा विद्यमान प्राकृतिक,सांस्कृतिक,मानवीय,आध्यात्मिक र भौतिक संभावनाहरुलाई समृद्धिमा सदुपयोग गर्न र यो नगरलाई

लगानीकर्ताको पहिलो रोजाईमा पार्न नगरभर सडक संजाल, सौर्य उर्जा,विद्युत सुविधा र संचार सेवाको उपलब्धता एव् खेती योग्य जमीनमा सिंचाईको उपलब्धताका लागि यस बजेटले ध्यान पु-याएको छ ।

२८. तीव्र आर्थिक वृद्धि, समृद्धि र खुशीको आधारः नगरका नागरिकको ज्ञान,शीप र केही गरौ भन्ने भावनालाई नगरमै सदुपयोग गर्न तथा निजी क्षेत्रका लगानीकर्तालाई नगरमा आकर्षित गर्न यस बजेटमा विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ। सौर्य उर्जा, लघु उद्यम, त्रियुगा सभ्यता,कृषि,उद्योग,पर्यटन,व्यापार र वित्त सेवामा समुदाय,सहकारी र निजी क्षेत्रलाई सघाउने गरी सुहाउदा कार्यक्रमहरु समेटिएका छन ।

२९. विकासमा सन्तुलन र समावेशीकरणलाई प्राथमिकताः विकासका सवै आयाम, स्वरुप र संरचनामा संवोधन गर्ने गरि पहिचान भएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री, वातावरणमैत्री, विपद जोखिम न्यूनीकरण, दिगो विकास लक्ष्य आन्तरिकीकरण लगायतका अन्तरआवद्धताका विषयहरुलाई यस बजेटले सम्वोधन गरेको छ ।

३०. असल शासनका माध्यमबाट सामाजिक न्यायको प्रत्याभूति गर्दै आर्थिक समृद्धिमा लम्कन सरकारी संयन्त्रको क्रियाशीलताः नगरको सरकारी संयन्त्र र जनशक्ति राजनीतिक नेतृत्ववाट निरन्तर प्रेरित,निर्देशित र संषोषित हुने गरी नगरले नीति कार्यक्रमबाट प्रतिबद्धता जाहेर गरेको छ । कर्मचारी वर्गमा “जागरले काम गरौ-हाँसेर सेवा गरौ” को संस्कार बसाउन नेतृत्व पक्ष स्वयं आदर्श अनुकरणीय र प्रेरणादायी बन्नु पर्दछ । यही भावनालाई जीवन्त बनाउन बजेटले ध्यान दिएको छ ।

३१. वित्तीय पारदर्शीता र कठोर आर्थिक अनुशासनः स्थानीय सरकार संचालनको अनुभव हाम्रा लागि नौलो हो ।यति खेर हामीले प्रदर्शन गर्ने व्यवहार र संस्कारले युगौ युग सम्मका लागि दिशानिर्देश गर्नेछ । त्यसैले हाम्रो कार्यसम्पादनमा व्यक्तिगत स्वार्थको खोट वा धब्बा कसैले लगाउन नसकोस र कार्यकारी पक्ष सधै वित्तीय पारदर्शीता र कठोर आर्थिक अनुशासनको रोल मोडेल बन्न सकोस भन्ने मर्मलाई यस बजेटले बोकेको छ ।

३२. संचारमैत्री सरकार र विकासमा केन्द्रित संचारः नगर सरकार नागरिक सरोकारका सबै विषयहरु नागरिक तहमा निरन्तर सम्प्रेषण भइरहोस भन्ने चाहना राख्दछ ।यसबाट सरकार र नागरिक बीचको सम्बन्ध विश्वसनीय, मर्यादित र भरोसा योग्य हुन्छ भन्ने नगरको विश्वास छ । यसका लागि संचार क्षेत्रसंगको सहकार्यमा जोड दिएको छ। राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने भुमिकाबाट स्थानीय सरकार-संचार सहकार्य सुदृढ हुनसक्छ । यहि भावनालाई बजेटमा सम्बोधन गरिएको छ ।

अध्यक्ष महोदय,

अब म वडा तहहरुलाई विनियोजन गरेको बजेट सम्बन्धमा उल्लेख गर्न चाहन्छु ।

३३. वडा तहको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क, पूर्वाधार, खर्चको आवश्यकता, राजस्व क्षमता तथा ती तहहरुमा रहेका आर्थिक, सामाजिक तथा अन्य विभेद समेतका आधारमा प्रत्येक वडालाई रु १ करोडका दरले १६ करोड रकम विनियोजन गरेको छु ।

अध्यक्ष महोदय,

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

भौतिक पूर्वाधार

३४. अन्य जिल्ला तथा स्थानीय तहहरु जोड्ने रणनैतिक महत्वका सडकहरु मोतीगडा-फत्तेपुर, मोहनपुर-ककनी, रानीवास- रौता, साउने - धाप्लाङ्गजस्ता सडकहरुको स्तरोन्नती गरिने छ ।

३५ विश्व वैकको सहयोगमा चक्रपथ निर्माणको प्रारम्भिक कार्य यसै वर्षवाट प्ररम्भ गरिने छ ।

३६. नगरका जनताको स-साना समस्या तत्काल समाधान गर्न जनता संग मेयर कार्यक्रम संचालन गरिने छ । जसको लागी कार्यविधि निर्माण गरी काम गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

३७. शहरको सौन्दर्यतामा बढावा दिन १ पोल १ वत्तीको अवधारणा ल्याईने छ । उक्त अभियान संचालनको लागी आवश्यक वजेट विनियोजन गरेको छु ।

३८. डिएम गेट - लक्ष्मीपुर सडकलाई नमुना सडकको रुपमा विकास गर्न कामको थालनी गरिएको छ यसको निरन्तरताको लागी संघ तथा प्रदेश सरकार संग स-शर्त अनुदान प्राप्तीको लागी आवश्यक पहल गरिने छ ।

३९. वरुवा वसपार्क पुर्व वरुवा खोलाको वाध निर्माणको कार्य प्रारम्भ भईसकेको छ सो को लागी श्रोत व्यवस्थापन गर्न अन्तर सरकारी सम्वन्ध विस्तार गरिने छ ।

४० विश्व वैकको सहयोगमा शिवालय टोल- आदर्श टोल- करमगाछी -वेलदोभान - चिलाउने वडा कार्यालय सुकौरा- कालीखोला - मोहनपुर रिङ्ग रोडको लागी १ अर्व प्रस्ताव गरेको छु ।

४१  यस नपाको वडा न १२ विसनपुरमा १० मेघावाट सौर्य उर्जाको लागी चिनिया NESI कम्पनी संगको पारस्परिक सम्झौता अनुरुप EPC मोडेलमा काम गरिने छ ।

४२ १०० मेघावाट सौर्य उर्जा तथा कृर्षि र त्रियुगा वाध समेत चिनिया कम्पनी ETTR group संग 3p मोडेलमा नगरपालिका संग काम गर्न सम्झौता भए अनुसारकार्यान्वयन गरिनेछ ।

कृषि, भूमि व्यवस्था र सहकारी

४३. कृषि उत्पादनको लागि सिचाइको विस्तार अपरिहार्य रहेको हुँदा सिचाइ विस्तार र पुराना सिचाइ आयोजनाहरूको मर्मत सम्भारलाई जोड दिइएको छ ।थाप नयाँमझौला सिचाइ आयोजनाहरूको संचालन गरिनेछ ।

४४. नगर क्षेत्रको अधिकांश जमिन वर्षातमा मात्र निर्भर रहेको सिचाइको अभावमा जमिनको उत्पाकत्व लिन नसकिरहेको अबस्थामा वेताल सिचाई पूरा गर्ने र  वृहत त्रियुगा सिंचाई तथा वरुवा वेलदोभान जलाशयको सम्भाव्यताको प्रारम्भिक अध्ययन आरम्भ गरिनेछ |

४५. कृषिलाई व्यवसायीकरण, आधुनीकिरण र यान्त्रिकरण गर्नमा जोड दिइनेछ । यस क्षेत्रलाई प्रतिष्पर्धी बनाएर युवाहरूलाई आकर्षित गरिनेछ । नयाँ प्रविधिको प्रयोग गरिनेछ ।

४६. कृषि व्यवसायलाई प्रोत्साहित गर्न व्यवसायिक तरकारी खेतीमा प्रवर्धनलाई वढावा दिई तरकारीमाथीको परनिर्भरता घटाउदै लगिने छ ।जसको लागी आवश्यक प्रविधि, सिप हस्तान्तरणमा आवश्यक सहयोगको व्यवस्था मिलाईने छ ।

४७. कृषकहरुको उत्पदनलाई सुरक्षित गरी समुचित भण्डारण र व्यवस्थापनका लागी कृषिउपज संलकन केन्द्र तथा कोल्डरुमको निर्माण गरी प्रयोगमा ल्याईने छ ।

४८. सुख्खा जग्गा तथा फराकिला जग्गाको प्रयोगमा व्यापकता ल्याई जमिन वाझो राख्ने प्रचलनको अन्त्य गरिने छ ।सुख्खा जमिनमा उब्जन सक्ने खेति प्रणालीको विकास गरिनेछ |

४९. गतवर्षवाट प्ररम्भ गरिएको वगर खेतीवाट किसानहरुले प्रयाप्त मात्रामा लाभ लिईएको दृष्ठान्तलाई मध्यनजर गरी नदी किनारका फराकिलाभुखण्डहरुमा वगर खेती विस्तार र विविधीकरण जोड दिईने छ ।

५०. कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न मुलत तरकारी खेतीको लागि विकशित नयाँ प्रविधि (टनेल, तथा मल्चिङ्ग, सिकाई केन्द्र, च्याउखेती)को विस्तारलाई प्रथमिकता दिईने छ ।

५१ माटोको सघन परिक्षण गरी माटोको प्रकृति अनुसारका वाली लगाई जमिनको अधिकतम उपयोग तथा लाभ लिनको लागि कृषकलाई प्रोत्सहान गरिने छ ।

५२. पशु विकास कार्यक्रम अन्तर्गत पशुको नश्ल सुधार तथा पशुहरुको श्रोत केन्द्र स्थापना गरिने छ ।

५३. एक वर्षिय र वहु वर्षिय घास तथा विउको उत्पादन गर्ने र विउमा रहेको परनिर्भता कम गर्ने तथा डालेघासको विकास गरिने छ । वहुवर्षे घास तथा विउको लागी नर्सरी स्थापनाको कार्य गरिनेछ ।

५४. नगर क्षेत्रमा मासु पसलमा सुधार ल्याउनको लागी स्लटर हाउस तथा वधस्थल निर्माण तथा दुग्ध प्रसोधन केन्द्र स्थापना गर्न प्रेरित गरिने छ ।नगरक्षेत्र भित्रका किसान मध्ये उत्कृष्ठ किसान छनौट गरी उचित सम्मानको व्यवस्था मिलाईने छ ।

५५. माछापालन व्यवसायमा संलग्न उद्यमीहरुलाई उत्पादन तथा वजारीकरणमा सहयोग गर्न र पोखरी निर्माण तथा उत्पादन प्रदर्शन कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाईने छ । मौरीपालन, च्याउखेती र अर्गानिक मलखाद प्रयोग गर्नको लागि पनि अनुदान उपलब्ध गराइने छ ।

५६ किसानको पशुधनको संरक्षणका लागि पशु विमा प्रिमियममा वापत लाग्ने शुल्कमा ९० प्रतिशत अनुदान उपलव्ध गराईने छ ।

५७ सहकारी सस्थाहरुको सघन अनुगमन गरी सहकारी अनुशासन र मर्यादा स्थापित गरी सदस्यहरुको पूर्ण नियन्त्रण कायम गरिनेछ | सहकारी सदस्यहरुको सामूहिक उद्यमशीलतामा प्रोत्साहन तथा साझेदारी विकाश गरिने छ | विकासका सुक्ष्म आयामहरुमा सहकारीलाई विकास साझेदारको रूपमा स्थापित गरिनेछ |

५८ विभिन्न विषय क्षेत्रका प्राविधिक शिप तथा तालिमको माध्यमद्वारा विपन्न वर्ग तथा समुदायका युवाहरूलाई स्वरोजगार तथा आत्मनिर्भरता तर्फ अभिप्रेरित गरिने छ | सानो पूजिका लघु उद्यम प्रवर्धनका लागि शिप, स्रोत र प्रविधि हस्तान्तरण गरिनेछ | यस वर्ष कम्तिमा २०० संख्याका युवाहरु यस कार्यक्रमबाट लाभान्वित हुने अपेक्षा गरेको छु |

पर्यटन

५९. एक शहर एक पहिचान कार्यक्रम अन्तर्गतपर्यटन क्षेत्रको विकासका लागी चप्पन एकिकृत विकास परियोजना कार्यक्रम संचालन गरिने छ ।

६०. नगरपालिका क्षेत्र भित्र पर्यटकको संख्यामा वृद्दी गर्न त्रियुगा नगरपालिका वडा न ११ ढिम्की पिकनिट स्पोर्ट एरियामा चिडिया खाना स्थापनाको काम शुरु गरिने छ ।

६१.सिंगो उदयपुर जिल्लाकै आस्थाको केन्द्रको रूपमा रहेको रौतापोखरी तथा मन्दिरको पर्यटन विकासको लागि जिल्लाका अन्य स्थानीय तहसंगको सहकार्यमा पूर्वाधार विकाश गरिनेछ ।

६२. नगरपालिका वडा न १ मा रहेको जोगिदहको मैनाहा सिमसार क्षेत्र तथा वडा न २ मा रहेको चाप पोखरीलाई पर्यटकिय आकर्षणको रुपमा विकास गरिने छ ।

६३ धार्मिक पर्यटनको विकासका लागि रामजानकी मन्दीर मोथ्याही, रामजानकी मन्दीर मोतीगडा, राधाकृष्ण मन्दीर, सिद्देश्वर मन्दीर असारी, ककनी मन्दीर कालीखोला, भगवती मन्दीर वोक्से, खाटमन्दीर वाघचौरी, कृष्ण समरण उत्तरवारी टोल, सिद्धावती मन्दिर खाँवुजस्ता मन्दिर तथा स्थलहरुको पुर्वाधार विकास गरी धार्मिक पर्यटन प्रवर्धन गरिने छ ।

६४ पर्यटन विकासको प्रवर्धन गर्न त्रियुगा नगरपालिका वडा न ७ को सरस्वतीमा र वडा न १५ को हुवासमा भ्युटावर निर्माणमा जोड दिईने छ ।

शिक्षा र स्वास्थ्य

६५. शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार गरी मानव संशाधन विकासमा जोड दिइनेछ ।

६६. सामुदायिक विद्यालय सुधार कार्य तथा गुणस्तरिय शिक्षा प्रबर्द्धनमा जोड दिईएको छ ।साथै, सार्वजनिक विद्यालयहरुको मर्मत सम्भार तथा गुरुकुल, मदरसा र गुम्बा जस्ता परम्परागत शिक्षालयलाई आधुनिक शिक्षासंग आवद्ध गर्ने नीति लिइने छ ।

६७ आधारभूत तहका सम्पूर्ण बालिका र दलित तथा माध्यमिक तहका दलित र जेहेन्दार छात्रछात्राहरुलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिएको छ | दिवा खाजाको माध्यमबाट विद्यालय शिक्षाको पहुँच नभएका बालबालिकाहरुलाई विधालयमा आकर्षण गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ |

६८ सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूलाई निशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको छ |

६९ सूचना प्रविधिको प्रयोगद्वारा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी वनाउन आगामी ५ वर्षभित्र सबै सामुदायिक माध्यमिक तहका विधालयमा सूचना प्रविधिको पहुच पुरयाउने लक्षका साथ यस वर्षबाट ठोस कार्यक्रम संचालन गरिनेछ |

६० आधारभूत तहको अन्तिम परिक्षा प्रणालीमा थप सुधार गरिनेछ | परीक्षालाइ विश्वानिय मर्यादित बनाउन आवश्यक कार्य गरिनेछ |

७१ विद्यालयको सघन अनुगमन, विषयगत शिक्षकहरुलाई तालिम, अभिभाबक जागरण कार्यक्रम, अतिरिक्त क्रियाकलापको विस्तार, शैक्षिक सामग्रीको व्यवस्थापन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिमा ध्यान दिईनेछ |

७२ नतिजामा आधारित भई उत्कृष्ठ विद्यालय, विद्यार्थी तथा शिक्षक हरुलाई पुरस्कार तथा सम्मानको समुचित व्यवस्था मिलाइएको छ | यसबाट शिक्षक विधार्थीको उत्प्रेरणा अभिवृद्धि भई शिक्षण सिकाइ क्रियाकलाप थप प्रभाबकारी हुने अपेक्षा लिइएको छ |

स्वास्थ्य :

७३. स्वास्थ्य सेवाको पहुँज सहज गराइने छ । स्वास्थ्य चौकि तथा शहरी स्वास्थ्य केन्द्रहरुको सस्थागत क्षमता अभिवृद्धि गरिनेछ |

७४ महामारी, सर्ने नसर्ने रोगहरुको रोकथाम, प्रजनन, वाल तथा वातावरण स्वास्थ्य प्रवर्धनको लागि आम नागरिकहरुमा सचेतना बढाउन "मेरो स्वास्थ्य, मेरो वर्ष अभियान" कार्यक्रम संचालन गरिनेछ |

७५ क्षयरोग विरूद्ध सघन वस्ती र समूह रहेका स्थान, कार्यस्थलहरुमा नै गई घुम्ती प्रयोगशाला संचालन गरिनेछ |

७६ वालवालिका, गर्भवती तथा सुत्केरी र किशोरीहरूको पोषणलाइ मध्यनजर गरी पोषणयुक्त खानपान र आहार विहारयुक्त व्यवहार स्थापित गर्न प्रदर्शनी तथा प्रवर्धन गर्न "पोषण नांग्लो" कार्यक्रम संचालन हुनेछ | पोषण सम्वन्धि पूर्व सचेतना (Early Warning) तथा शिघ्र कुपोषण विरुद्ध एकीकृत व्यवस्थापन कार्यक्रम गरिनेछ |

७७ खोपको पहुँच कम भएका तथा मात्रा पूरा नगरी बिचैमा खोप छुटेका बालबालिकाहरुलाई लक्षित गरी वैशाख महिना भर खोप अभियान चलाइनेछ | हैजा तथा झाडापखाला विरुद्धको रोटाखोप अभियान नगरभरी यसै वर्ष संचालन गरिनेछ |

७८ सुत्केरी तथा नवजात शिशुको स्वस्थ परिक्षण तथा फोलो अप गर्न नर्सिंग सेवाका स्वस्थकर्मी घरदैलो परिचालन गरिनेछ | यसबाट मातृ तथा शिशु मृत्युदरमा उल्लेख्य घट्ने अपेक्षा गरिएको छ |

७९. स्वास्थ्य संस्थाहरूलाई आवश्यक उपकरणहरू उपलब्ध गराइने छ |

८० समाजमा विकृतीको रुपमा रहेको वालिका भ्रुण हत्यालाई कम गर्नको लागी वालिका जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएमा अभिभावकलाई रु १०००। प्रोत्साहन भत्ता उपलव्ध गराईने छ ।

८१. आयुर्वेदिक चिकित्साको विकास र प्रबर्द्धन गरिनेछ । यसको लागि आवश्यक विनियोजन गरेको छु । यसअन्तर्गत आयुर्वेदिक चिकित्सासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन् ।

**गरिबी निवारण**

८२. नगरपालिका क्षेत्र भित्र टोल विकास संस्था गठन अभियानको रुपमा संचालन गरिने छ ।गठन गरिएका टोल विकास संस्थाहरुलाई क्षमता विकास तथा सिप विकासमा जोड दिई रोजगारी श्रृजना गरिने छ ।

८३. शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारका कामहरू पनि रोजगारी सिर्जना गर्ने र गरिबी निवारणतर्फ परिलक्षित गरिनेछ । न्यून आय भएका जनताहरूलाई जीविकोपार्जनको लागि कृषिसँग सम्बन्धित तालिमहरू प्रदान गर्न बजेट विनियोजन गरेको छु ।

८४. विभिन्न लक्षित वर्गका व्यक्तीहरुलाई लक्षित गरी सिप मुलक, आय मुलक तथा उत्पादन मुलक कार्यक्रमको लागी वजेट विनियोजन गरेको छु । जसवाट रोजगरी श्रृजना भई उत्पादनमा वृद्धी हुँदा गरिवि निवारणमा सहयोग पुग्ने छ ।

**सूचना र सञ्चार**

८५. विकास मैत्री संचार संचारमैत्री नगरको मान्यता अनुरुप विद्युतीय र छापा माध्यमहरुसंग सहकार्य गरिने छ । लोकल्याणकारी सूचना प्रवाहका व्यवस्था मिलाइने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८६ संचार क्षेत्रको संस्थागत क्षमता अभिवृद्धीका लागी पुर्वाधार निर्माण तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।

८७ नगर र संचार क्षेत्रको सहकार्य र साझेदरीलाई अभिवृद्धी गर्न नगर गतिविधि रेडियो कार्यक्रम तथा जनता संग मेयर कार्यक्रम जस्ता कार्यक्रमहरुको प्रस्ताव गरेको छ ।

८८. सूचना नै ज्ञानको स्रोत र सूचना संचार प्रविधिनै विकासको आधारशिला भएकोले यस नगरलाई सूचना संचार मैत्री नगरका रुपमा विकास गरिने छ ।

८९ गत आर्थिक वर्षवाट शुरु गरिएको शहरका मुख्य चोक तथा सडकहरुमा आधुनिक प्रविधिको सिसि क्यामेरा (Close Circuit Camera) जडान गर्ने कार्यलाई निरन्तरता दिई अपराधिक गतिविधिको नियन्त्रण र निगरानी प्रभावकाकारी वनाईने छ ।

९० कार्यालयवाट सेवा प्रवाह गर्ने परम्परागत पद्धतीलाई प्रतिस्थापन गर्दै डिजिटल डिस्प्ले तथा विद्युतीय टोकन प्रणाली चालु आ व वाट लागु गरिने छ ।

९१ नगरपालिकाको वढ्दो कार्य जिम्मेवारीका कारण श्रृजना भएका तथ्यांक तथा अभिलेखको विद्युतीय संग्रहण प्रणालिमा सुधार गरिने छ सो का लागी चालु शर्भरको क्षमता विस्तार गरिने छ ।

९२ कार्यालयवाट सेवा प्रदान गर्दा अवलम्वन भएको कागजी प्रद्धतीलाई क्रमश प्रतिस्थापन गर्दै कम्प्युटर प्रविधिको प्रयोगलाई वढावा दिईने छ । सो का लगी चालु अवस्थका सफ्ट्वेयर तथा एप्लिकेशनहरु सामयिक अद्यावधिक गर्दै योजना, घर नक्सा जस्ता कार्यको लागी समेत सफ्ट्वेयरको प्रयोग प्रारम्भ गरिने छ ।

९३ नगरपालिकाका दैनिक गतीविधि तथा सुचनाहरु आम नागरिक समक्ष समयमै सम्प्रेषण गर्नका लागी मोवाईल नगर एप निर्माण गरी प्रयोगमा ल्याईने छ ।

**श्रम, रोजगारी र सीप विकास**

९४. श्रमिकहरूको स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम, श्रमिकहरूसंग अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । रोजगारीको लागि विदेशिनु पर्ने बाध्यतालाई निर्मुल गरिनेछ ।

९५.	किसानहरुलाई सीप विकास तालिम प्रदान गर्न बजेट विनियोजन गरेको  छु । युवा सीप विकास तालिमको लागि आवश्यक वजेट विनियोजन गरेको  छु ।

९६.	विपन्नहरूलाई आयमुलक सीप विकास कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।"सिपयुक्त महिला आत्मनिर्भरमा पहिला" भन्ने नारालाई मूर्तरुप दिन हरेक वडामा महिलाहरुका लागि सीप विकास तथा उद्यम प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

**युवा तथा खेलकुद**

९७. युवाको भविष्य सुन्दर बनाउन उनीहरुलाई खेलकुद, आयआर्जन, सामाजिक सेवाका कार्यमा संलग्न गराइनेछ । युवा दुर्व्यसनी विरुद्धको सचेतना कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छु । लागु औषध दुर्व्यसनी पुनर्स्थापना केन्द्रहरुलाई सहयोग प्रदान गर्न बजेट विनियोजन गरेको छु । मादक पदार्थ, धुम्रपान, लागु औषध सेवन जस्ता दुर्व्यसनबाट बचाउन स्कुल, कलेज, गैर सरकारी संस्थासँग सहकार्य गरिनेछ ।

९८. युवाहरूको शक्तिलाई नगरको समृद्धिमा उपयोग गरिनेछ । नगरस्तरमा युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

९९. खेलकुदलाई प्रवर्द्वन गर्न नगरका उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिने छ । साथै, उदयपुर गोल्डकप तथा मेयर कप फुटवल प्रतियोगिता तथा अन्य खेलकुद कार्यक्रम संचालनको लागी वजेटको व्यवस्या गरेको छु ।

१००. खेलकुदको प्रवर्धनको लागि  रंगशाला, खेलमैदान निर्माण तथा खेलकुद सामाग्रीको लागी प्रदेश सरकारसंग समन्वय गरी काम गरिने छ ।

**महिला, बालवालिका, जेष्ठ नागरिक र अपाङ्ग**

१०१. महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय र अपाङ्गहरूलाई नगरले आवश्यक सहयोग उपलब्ध गराउने छ । यस क्षेत्रमा कार्यरत संस्थाहरुको कार्यक्रमहरु समन्वय गरी संचालनमा ल्याईने छ ।

१०२.	भविष्यका कर्णधार बालबालिकालाई राष्ट्रभक्तिप्रति निष्ठा र पढाइप्रति मेहनत गर्ने बानी पार्न बाल क्लब र बाल सन्जाल गठन गरी परिचालन गरिनेछ ।

१०३. महिला तथा बलवालिका राहत तथा पुर्नरस्थापना कार्यमा सहयोग गर्न बजेट विनियोजन गरेको छु । महिला सशक्तिकरण तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्न र लैंगिक हिंसा अभियान संचालन तथा सामाजिक कुरीति विरुद्धको सचेतना कार्यक्रमको लागि समेत बजेट छुटयाएको छु ।

१०४ जेष्ठ नागरिकले सन्ततीवाट भोग्नु परिरहेका समस्या समाधानको लागी परिवारका सदस्यहरुको सहभागीतामा सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

१०५ वालमैत्रि वडा तथा नगर घोषणाको लागी कार्यक्रम संचालन गरिने छ ।

१०६ नगरलाई वाल मजदुर रहित नगरको रुपमा घोषणा गर्न कार्यक्रहरु संचालन गरिने छ ।

१०७ नगरमा क्रियाशिल महिला सहकारी संस्थाहरुको संजाल निर्माण गरी कृषि उपज वस्तु विक्रीको केन्द्र स्थापना गरी संचालनमा ल्याई रोजगारी श्रृजना गरिने छ ।

## सरसफाई र सुन्दरता प्रवर्धन

१०८. यस नगरलाई सफा र स्वस्थ नगरको रूपमा विकास गरिनेछ । फोहरको बैज्ञानिक व्यवस्थापन गर्न निजि क्षेत्रलाई परिचालन गरिने छ । निजि क्षेत्रको सहभागितामा शहरी क्षेत्रको नकुहिने फोहरलाई उपयुक्त ल्याण्डफिल्ड साइट खोजी व्यवस्थित गर्न कुहिने फोहरबाट मल तथा ग्याँस उत्पादन गर्न स्थानीयलाई अभिप्रेरित गरिनेछ । शहरी क्षेत्रको सफाइको लागि फोहरलाई मोहरमा बदल्ने अभियान संचालन गरिने छ । सरसफाईमा नगरवासिको आर्थिक तथा भौतिक सहभागिता सुनिश्चित हुने गरी सरसफाई निति तयार गरिएको छ सो नितिलाई कडाईका साथ लागु गरिने छ ।

१०९. सरसफाई युक्त नमुना वस्तीको अवधारणा ल्याईने छ । सरसफाई वर्ष व्यक्तीको रुपमा १ जनालाई हरेक वर्ष सम्मान गरिने छ ।

## आवश्यक प्रशासनिक संरचना निर्माण र कानून तर्जुमा

११०. नगर सरकारले आफ्नो जिम्मेवारी पूर्ण रुपले निर्वाह गर्नको लागि यसको प्रशासनिक संरचना निर्माण गर्नुपर्ने खाँचो छ । नीति तथा कार्यक्रमहरु र बजेटको कार्यन्वयनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१११.	भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रवर्द्धन गर्दै सुशासन कायम गरिनेछ । यसका लागि आवश्यक आचारसंहिता तथा मापदण्ड निर्माण गरी नियमन र अनुगमन गर्न आवश्यक बजेट राखेको छु ।

११२.	कर्मचारीको योग्यता, सीप र अनुभवलाई रहरका साथ कार्य सम्पादनमा उपयोग गर्न प्रेरणा, प्रोत्साहन र प्रशिक्षणमा ध्यान दिने कुरा नगरको नीति कार्यक्रममा उल्लेख गरिसकिएको छ । सोही नीतिबाट निर्देशित भै यस नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरूलाई मापदण्ड बनाइ सुविधा प्रदान गरिनेछ ।

११३ उपभोक्ता सचेतना तथा अन्तरकृया कार्यक्रम संचालन गरी नियमित वजार अनुगमन गरिने छ । कार्यालयमा वजार अनुगमनको संयन्त्र निर्माण गरी परिचालन गरिने छ ।

११४ शुसासन प्रवर्द्धनको लागी सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो व्यवस्थापन, घरदैलो कार्यक्रम, नागरिक वडापत्र निर्माण तथा अद्यावधिक गरिने छ ।

**अध्ययन अनुसन्धान र योजना तर्जुमा**

११५.	नगरका विभिन्न आर्थिक क्षेत्रहरु विद्यमान अवस्था, समस्या र समाधानका उपायहरु पहिचानको लागि अध्ययन अनुसन्धान गरी तथ्य र सूचनामा आधारित नीति निर्माण र योजना तर्जुमा गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११६.	विज्ञान प्रविधिको अधिकतम उपयोग गरी जनताको जीवनस्तरमा सुधार ल्याउन कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य, पर्यटन, निर्माण प्रविधि आदि क्षेत्रमा नविन प्रविधि विकास गर्ने शैक्षिक तथा अनुसन्धान केन्द्रहरुलाई प्रोत्साहित गर्ने प्रणालीको शुरुवात गरिनेछ । नगरको सामाजिक क्षेत्रमा अनुसन्धान तथा कार्य संचालनलाई प्रोत्साहन गर्न बजेट विनियोजन गरेको छु ।

११७.	सार्वजनिक तथा ऐलानी जग्गाको पहिचान तथा अव्यवस्थित वसोवास व्यवस्थापन अध्ययन तथा विभिन्न नदीहरुको प्रारम्भिक वातावरणिय परिक्षण गरिने छ जसको लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**आन्तरिक शान्ति सुरक्षा**

११८.  विकास र समृद्धिका लागि दिगो शान्ति र सुशासन आधारभूत शर्त भएकोले आन्तरिक सुरक्षा व्यवस्थालाई सुदृढ गर्न नगर प्रहरी भर्ना गरी परिचालन गरिने छ ।

११९.  आन्तरिक सुरक्षालाई सुदृढ बनाउन जिल्लामा रहेका सबै सुरक्षा निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

## विपद व्यवस्थापन

१२०.  बाढी, पहिरो, डुवान, खडेरी, आगलागी, हावाहुरी, डढेलो, शीतलहर, भुकम्प, महामारी आदि जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन "नगर विपद् व्यवस्थापन कोष" स्थापना गरिएको छ। सोको कार्यविधि बनाई प्रभावकारी रूपमा संचालन गरिनेछ ।

अध्यक्ष महोदय,

अब म बजेटको विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

१२१.  आगामी आर्थिक वर्षका नीति कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न रु. ९९ करोड ५८ लाख २० हजार विनियोजन गरेको छु ।

१२२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये संघीय सरकार वितिय समानिकरण र राजस्व बाडफाडबाट रु, ३७१२२६०००। तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाडवाट रु २४५७२०००।, आन्तरिक स्रोत गत बर्षको सँचित समेत रु, ११००२२०००।, बहु क्षेत्रिय पोषण कार्यक्रम रु, २००००००, साना सिचाई कार्यक्रम, रु,१५००००००। एल.जि.सि.डि.पि.रु, १५०००००।सडक बोर्ड ५००००००।सँघिय सरकार थप रकम रु,१०००००००।र सामाजिक सुरक्षा रकम रु, १०००००००० ।साथै शसर्त अनुदान रु, ३५,६५,०००००। गरि कुल रु, ९९५८२००००। रुपैया बजेट बिनियोजन गरेको छु ।अध्यक्ष महोदय,

अब म राजस्व र कर प्रशासन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१२३.  नगरको राजवश्व संकलन सम्वन्धि आर्थिक विधेयक २०७५ नगरसभा समक्ष पेश गरि सकिएको छ । सो विधेयकमा नगरपालिकाले संकलन गर्ने राजश्वका क्षेत्र र दर प्रस्ताव गरेको छु

१२४.	विगतवाट नगरपालिकले लगाउदै आएको एकिकृत सम्पत्ती कर नै नगरको स्थायी र पहिलो कर रहेकोले सो वाट आ व ०७५।०७६ मा रु ६० लाख उठने अनुमान गरेको छु ।

१२५ नगरक्षेत्र भित्र संचालनमा रहेका व्यापार व्यवसायलाई समेत करको दायरामा ल्याईने छ । जसवाट वार्षिक ३५ लाख राजश्व संकलन हुने अनुमान गरीएको छ ।

१२६ बहाल कर लाई व्यवस्थित रुपमा संकलन गरिने छ ऐलानी तथा पर्ती जग्मामा रहेको वसोवासलाई व्यवस्थित गरी करको दायरामा ल्याई विटौरी कर अशुली गरिने छ । जसवाट वार्षिक ४० लाख राजश्व संकलन हुने अनुमान गरिएको छ ।

१२७ ढुङ्गा गिटि वालुबा आन्तरिक खपत तथा निकासि, जग्गा रजिस्स्ट्रेसन पास तथा विज्ञापन करवाट प्रदेश सरकारको निर्णयानुसार प्रासहुने ६० प्रतिशत रकम आन्तरिक आयको रुपमा १ करोड ५० लाख संकलन हुने अनुमान गरिएको छ ।

१२८ नगरको आन्तरिक आयलाई वढाई नगरको विकासमा सहभागीताको लागी राजश्वका क्षेत्र पहिचान गरी समग्र आन्तरिक आय ६ करोड १२ लाख २२ हजार उठने अनुमान गरेको छु ।

अध्यक्ष महोदय,

बजेटको उद्देश्य, प्राथमिकता, विशेषता, विनियोजन, श्रोतको प्रबन्ध र विकास कार्यक्रमहरुको रुपरेखाबारे मैले यस गरिमामय सभा समक्ष सिलसिलेवार रुपमा प्रस्तुत गरें। अव म कार्यान्वयनको प्रबन्धवारेमा कुरा राख्न चाहन्छु।

हाम्रो नगर प्राकृतिक र मानव श्रोतले धनी छ । तर हाम्रो जीवन सम्मानित, सुखी र खुशी भएको अवस्था छैन । त्यसैले हामीले कडा मेहनत गर्न जरुरी छ । हाम्रो सोंचमा समझदारी र कार्यान्वयनमा सहकार्यको संस्कार जरुरी छ । हरेक विषयलाई आत्मपरक भएर टिप्पणी गर्ने आदतले हाम्रा राम्रा नीति कार्यक्रम प्रति पनि विश्वास बढन सकेको छैन।समाजको यो मनोविज्ञान लाई चिन्न, चिर्न र हाम्रो असल प्रयत्नलाई समाजमा स्थापित गर्न अव हामी सबै संकल्प र प्रणका साथ अघि बढन जरुरी छ।हामी सुन्दर भविष्य निर्माण गर्ने वाचा गर्दै जनताको अभिमतले विजय भएर यो जिम्मेबारीमा आएका हौं । यो समय नयाँ ईतिहास रचना गर्ने समय हो । हाम्रो कार्यकालको अविधमा असल कार्य गरे मात्र हामी समाजमा असल चिनारी बनाउन सक्ने छौ । हाम्रो समान सोंच, अठोट र सामुहिक प्रयत्नले मात्र हामी नगरको मुहार बदल्न सक्छौ । त्यसैले अव हाम्रो तन,मन र तत्परता नगर निर्माणमा केन्द्रित हुने समय शुरु भएको छ ।

हरेक विषयको समस्यामा केन्द्रित भएर समाधान खोज्ने हाम्रो मानसिकतालाई परिवर्तन गरी संभावना पहिल्याएर समृद्धिमा लाग्ने बानी पार्न जरुरी छ। त्यसैले सम्पूर्ण नगर सरकारको संयन्त्र अव नयाँ सोंच र शैलीवाट कार्यसम्पादनमा लाग्ने कुरा यस सभालाई अवगत गराउन चाहन्छु ।

भौतिक पूर्वाधार विकास गरेर सिंगो नगरलाई सुन्दर,सुरक्षित र सुविधाजनक बनाउन, सवै नागरिकलाई स्वास्थ्य र शिक्षाद्धारा योग्य, शिष्ट र सभ्य बनाउन, प्रकृति र संस्कृतिको सुवासलाई फैलाउन र कम्तिमा अहिलेको हराभरा वनपाखा र खोलानाला भावि पुस्तालाई जस्ताको तस्तै उपहार सुम्पने गरी राजनीतिक नेतृत्व र कर्मचारी वर्ग दृढताका साथ तल्लीन हुन जरुरी छ। यस अभियानमा साथ, सहयोग र विश्वास दिन म समुदाय, सहकारी, निजी क्षेत्र लगायत समाजका सवै पक्षलाई आह्वान गर्दछु ।

यस बजेटको कार्यान्वयनबाट नगरको संगठन संरचना निर्माण भई जनशक्ति व्यवस्थापन हुने, कानून निर्माण प्रक्रियाले मुर्त रुप लिने, नगरका रणनीतिक महत्वका आयोजनाहरु कार्यान्वयन हुने, आर्थिक क्षेत्र गतिशिल हुने, सामाजिक न्यायको अनुभूति हुने र समावेशी विकासले आकार लिने लगायतका परिलक्षित उद्देश्य हासिल गर्दै सम्वृद्ध नगर खुशी जनताको लक्ष्य हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**

यो बजेट निर्माणमा प्रयास सल्लाह सुझाव तथा सहभागिता जनाउनु हुने नगर उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, नगर सभा सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत, कर्मचारीहरु, विभिन्न राजनीतिक दलका नेताहरु, समाजका प्रतिष्ठित व्यक्तिहरु, निजी क्षेत्रका उद्यमी व्यवसायीहरु,संचार क्षेत्र लगायत समाजका सबै पक्षबाट प्रास सहयोगको सह्राहना गर्दै धन्यवाद दिन चाहन्छु । यसरी नै बजेट कार्यान्वयनमा सम्बद्ध सबै पक्षको सहयोग प्रास हुने अपेक्षा गर्दै गर्दछु । हाम्रो कार्यकाल भित्र आखा भरी समृद्ध त्रियुगा नगर र मनभरी सुखी नगर वासी सुन्दर चित्रको रुप रेखा तयार गर्ने संकल्पमा सवै एकाकार भएर लागौं, प्रण गरौ ।

धन्यवाद !

................................

बलदेव चौधरी

नगर प्रमुख

**विशेष प्रस्तावहरु**

१ त्रियुगा नदी र गंगा नदीको सांस्कृतिक सम्वन्ध जोडी विकासका गतिविधि साटासाट गर्नको लागि गाईघाट- पटना- गंगा दर्शन वस संचालन गर्न विहार सरकार संग समन्वय गरी काम अगाडी वढाउने प्रस्ताव पारित गरीयो ।

२ त्रियुगा नगरपालिकामा चिनिया लगानी भित्रायाउनको लागि र लगानी मैत्री वातावरणको साथै चिनको ली नगरपालिकासंग भगिनी सम्वन्ध जोडने तयारीको क्रममा रहेकोले चिनिया राजदुतलाई यस नगरपालिकामा भ्रमणको लागि निमन्त्रणा दिने प्रस्ताव पारित गरीयो ।

३ नगर गौरवका योजनाहरु त्रियुगा वरुवा लगायत नगरमा रहेका सम्पुर्ण खहरे खोला तथा कृषि वन खानी र पर्यटनको लागि आवश्यक वजेट थपको लागि प्रदेश र संघीय सरकार संग वजेट माग गर्ने प्रस्ताव पारित गरियो ।

४ त्रियुगा हवाई मैदानको नाममा जग्गा आउनु भन्दा पुर्व उक्त जग्गा अवादी र सुकुम्वासी तथा स्थानीय वासी हरुको वसोवास रहेको उक्त जग्गामा प्राविधिक कारणवाट एयरपोर्ट नवन्ने भएकोले तत्कालिन प्रमुख जिल्ला अधिकारी, त्रियुगा नगरपालिका, हवाई मैदान व्यवस्थापन समिति, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय वुद्धिजिविहरु समेत सहभागी सर्वपक्षिय वैठकको निर्णय अनुरुप तरकारी वजार, थरुहट रंगशाला, विद्यालय, सभाहल समेत निर्माण भएको छ । उक्त जग्गा त्रियुगा हवाई मैदानको नाममा रहदा निर्माण गरिएका वा अव निर्माण हुने संरचनाको नक्सा पास लगायत अन्य विकासका काम गर्न तथा जग्गा व्यवस्थापन गर्न नगरपालिकालाई कानुनी समस्या भएकोले त्रियुगा हवाई मैदानको नाममा रहेको साविक गाईघाट गाविस वडा न ५ख कित्ता न १०३ को जवि १४-१६-१६ जग्गा त्रियुगा नगरपालिकाको नाममा नामसारीको लागी नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरीयो ।

५ नेपाली कांग्रेसका नेता तथा पुर्व सभाषद श्री नारायण वहादुर कार्की तथा नेपाल विद्यार्थी संघको नेता मिरा कटुवाट संघीय निर्वाचनमा क्रममा दनुवार वेसीमा अज्ञात समुहको वम विस्फोटमा परी अपाङ्ग भई हाल सम्म उपचारको क्रममा रहेको हुँदा उहाहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै नारायण वहादुर कार्कीलाई रु ४ लाख र मिरा कटुवालालई रु १ लाख आर्थिक सहयोग दिन विशेष प्रस्ताव पारित गरियो ।

६ न्याय सम्पादनको काम छिटो र सर्व सुलभ हुनु पर्नेमा यस जिल्लावासीको हकमा पुनरावेदनको लागी उच्च अदालतको काम अस्थायी उच्च अदालत ओखलढुङ्गामा हुने गरेकोमा त्यसवाट जिल्लावासीलाई अपाएक परेकोले उदयपुर जिल्लाको हकमा उच्च अदालत विराटनगरवाट न्याय सम्पादनको काम हुने गरी व्यवस्थापन मिलाउन सम्वन्धित निकायमा अनुरोध गर्ने विशेष प्रस्ताव पारित गरीयो ।

७ खोटाङ्ग जिल्लामा रहेको सगरमाथा अंचलको लोकसेवा अंचल कार्यालयलाई जनसंख्या, भौगोलिक विकटता, दुरी तथा सुविधा समेतको दृष्टिकोणवाट अपाएक भएको कारण सो कार्यालयलाई उदयपुर जिल्लामा सार्नको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने विशेष प्रस्ताव पारित गरीयो ।

८ उदयपुर जिल्लाको त्रियुगा नगरपालिका क्षेत्रमा रहेको एशियाकै ठुलो सिमेन्ट उद्योग रहेता पनी नगरको विकासमा सो उद्योगवाट नगरवासीले अपेक्षा अनुरुसारको विकासको प्रतिफल प्राप्त नगरेको सन्दर्भमा नगर विकासको लागी उद्योगवाट उत्पादन भई बिक्री भएको सिमेन्टमा नगर विकास कोषको रुपमा प्रतीवोरा रु ५। का दरले विक्री कर लगाई रकम संकलनको व्यवस्था गर्न उदयपुर सिमेन्ट उद्योगलाई अनुरोध गर्ने विशेष प्रस्ताव पारित गरियो । साथै उद्योगको विकासमा नगरको सहभागीता सहित उद्योगको उत्पादन क्षमता प्रतिदिन ३०००। मेट्रीक्टन पुर्याउनको लागी आवश्यक सहयोग सहित सहभागीतामा काम गर्न उदयपुर सिमेन्ट उद्योगलाई अनुरोध गर्ने निर्णय गरियो ।

९ स्वास्थ्यको दृष्टिकोणवाट नगरवासीले प्रयाप्त र गुणस्तरीय सेवा प्राप्त गर्न नसकेको अवस्थामा यस नगरपालिका क्षेत्र भित्र मेडिकल कलेज संचालनको लागी सम्वन्धित निकायमा आवश्यक पहल गर्ने विशेष प्रस्ताव पारित गरीयो ।